**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ नोभेम्बर २०२४

समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले न्याय वितरण प्रणालीले न्यायपूर्ण र निष्पक्ष समाज तर्फको राष्ट्रको यात्रालाई बलियो बनाउनुपर्ने बताउनु भएको छ ।

२. लोकसभा अध्यक्ष ओम बिरलाले तीन नया आपराधिक कानूनले समकालीन समाजको चुनौतिहरुलाई सम्बोधन गर्ने बताउनुभएको छ स

३. भारत र नाइजेरियाबीच दोस्रो रणनीतिक तथा आतङ्कवाद विरोधी संवाद हिज नयाँ दिल्लीमा सम्पन्न भएको छ स

**४. नीति आयोगले मानिसहरुमा जल प्रबन्धन एवं संरक्षणप्रति जागरुकता जगाउन आज देखि १५ दिवशीय श्जल उत्सवश को शुभारम्भ गर्दैछ ।**

५. प्रधानमन्त्री नरेन्द्र मोदीले चर्चित लोक गायिका शारदा सिन्हाको निधनप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ ।

६. क्षयरोग अर्थात् टीबी उन्मूलनका लागि भारतको प्रयासलाई वैश्विक रूपमा मान्यता दिइएको छ।

**राष्ट्रपति द्रौपदी मुर्मु - न्याय वितरण प्रणाली**

राष्ट्रपति द्रौपदी मुर्मूले न्याय वितरण प्रणालीले न्यायपूर्ण र निष्पक्ष समाजतर्फको राष्ट्रको यात्रालाई बलियो बनाउनुपर्ने बताउनु भएको छ। राष्ट्रपति भवनमा हिज साँझ सर्वोच्च न्यायालयका तीन प्रकाशनको विमोचनपछि राष्ट्रपति मुर्मुले यस आशयबारे बताउनु भएको हो। राष्ट्रपतिले भन्नुभयो -, "सर्वोच्च न्यायालयले एक न्यायशास्त्रको विकास गरेको छ जुन भारतीय लोकाचार र वास्तविकतामा निहित छ। राष्ट्रपति मुर्मूले समानता र समान न्यायको आदर्श न्यायपालिकाका लागि मार्गदर्शक सिद्धान्त हुनुपर्ने बताउनु भएको छ । राष्ट्रपति मुर्मूले सर्वोच्च न्यायालयले आफ्नो स्थापनाको ७५ औँ वर्षगाँठको अवसरमा उद्देश्यमूलक गतिविधि सञ्चालन गर्न लागेकोमा खुशी व्यक्त गर्नुभएको छ ।

****** ० ******

**ओम बिरला - नयाँ कानून**

लोकसभा अध्यक्ष ओम बिरलाले तीन नया आपराधिक कानूनले समकालीन समाजको चुनौतिहरुलाई सम्बोधन गर्ने बताउनुभएको छ । उहाँले 'सदन र स्थायी समितिमा व्यापक चर्चा पछि तीन वटा नयाँ आपराधिक कानुन पारित गरिएको बताउनुभएको छ । संवैधानिक तथा संसदीय अध्ययन संस्थानले हिज नयाँ दिल्ली स्थित संसद् परिसरमा आयोजना गरेको कार्यक्रममा उहाले ८३ देशका अधिकारीलाई सम्बोधन गर्नुभयो ।

****** ० ******

**उपराष्ट्रपति छत्तीसगढ़ भ्रमण**

उपराष्ट्रपति जगदीप धनखड़ आज छत्तीसगढ़को एक दिवसीय यात्रामा जानुहुनेछ। भ्रमण अवधि उहाँले रायपुरमा आयोजित छत्तीसगढ राज्य महोत्सवको समापन समारोहमा प्रमुख अतिथिका रुपमा भाग लिनुहुनेछ।

****** ० ******

**भारत-नाइजीरिया -आतंकबाद**

भारत र नाइजेरियाबीच दोस्रो रणनीतिक तथा आतङ्कवाद विरोधी संवाद हिज नयाँ दिल्लीमा सम्पन्न भयो । दुई दिवशीय संवादमा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र नाइजेरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार नुहु रिबाडुले साइबर स्पेस, आतङ्कवाद, उग्रवाद, कट्टरपन्थ खतरा र चुनौतीहरू, अंतर्राष्ट्रीय अपराध, हातहतियार र लागूपदार्थ तस्करीबारे चर्चा गर्नुभयो। दुवै पक्षले सबै प्रकारका आतङ्कवादविरुद्धको लडाइँलाई निरन्तरता दिन आफ्नो

सहयोग र दृढ विश्वास दोहोर्याएका छन्। द्विपक्षीय क्षमता अभिवृद्धिमा सहयोग अभिवृद्धि गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सहयोगलाई सुदृढ गर्ने विषयमा पनि सहमति बनेको छ। श्री नुहु रिबाडुले मानेसर स्थित राष्ट्रिय सुरक्षा गार्ड परिसरको पनि भ्रमण गर्नुभयो।

****** ० ******

**नीति आयोग- 'जल उत्सव'**

नीति आयोगले मानिसहरुमा जल व्यवस्थापन, संरक्षण र स्थायीपनप्रति जागरुकता र संवेदनशीलता जगाउन आज देखि १५ दिवशीय 'जल उत्सव' शुरु हुनेछ । यो अभियानले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणलाई पछयाउँदछ । प्रधानमन्त्री श्री मोदीले गत वर्ष दिसम्बरमा आयोजित तेस्रो मुख्य सचिव सम्मेलनको क्रममा 'नदी उत्सव' को रुपमा 'जल उत्सव' को विचार प्रस्तुत गर्नुभएको थियो। नीति आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'जल उत्सव आज देखि २४ नोभेम्बरसम्म २० आकांक्षी जिल्ला र ब्लकहरूमा लागू हुनेछ। यो राष्ट्रिय जल जीवन मिशन, खानेपानी तथा सरसफाइ विभाग, जल शक्ति मन्त्रालयको सहयोगमा भईरहेको छ । देशका २० राज्यमा आयोजना हुन लागेको महोत्सवमा जलस्रोतको संरक्षण र सम्बर्धनमा समुदायको सहभागिताको परिकल्पना गरिएको छ।

****** ० ******

**भारतीय ओलंपिक संघ आईओए-प्रधानमन्त्री**

भारतीय ओलम्पिक संघ (आईओए) ले सन् २०३६ मा भारतमा ओलम्पिक र पारालम्पिक खेल आयोजना गर्ने आशा व्यक्त गर्दै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) को फ्यूचर होस्ट कमिसनलाई आशयपत्र बुझाएको छ। सुत्र अनुसार आशयपत्र गत महिना दिइएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले बर्ष २०३६ को ओलम्पिक आयोजना गर्ने आफ्नो सरकारको आकांक्षाबारे यसअघि नै बताइसक्नुभएको छ । गत वर्ष मुम्बईमा सम्पन्न आई.ओ.सी.को १४१ औँ अधिवेशनले बर्ष २०३६ को ओलम्पिक खेल भारतमा आयोजना गर्ने भारतको प्रतिबद्धतामा जोड दिएको थियो।

****** ० ******

**केन्द्र- - ट्युलिप ब्रान्ड शुरुवात**

केन्द्रले हिज ट्यूलिप ब्रान्डको शुरुवात गरेको घोषणा गरेको छ, जसमा सीमान्तकृत व्यक्तिहरूले बनाएका वस्तुहरू समावेश गरिनेछ। सामाजिक न्याय तथा सशक्तिकरण मन्त्री डा. वीरेन्द्र कुमारले भन्नुभएकोछ -यी उत्पादनहरू ई-कमर्स प्लेटफर्महरूमा बिक्री गरिनेछ ताकि उत्पादनहरू बनाउनमा संलग्न व्यक्तिहरूलाई सशक्त र प्रोत्साहित गर्न सकियोस्। नयाँ दिल्लीको डिल्ली हाटमा आयोजित शिल्प समागन मेला–२०२४ को उद्घाटन समारोहमा उहाँले यस आशय बारे बताउनु भएको हो ।

****** ० ******

**संसद को शीतकालीन सत्र**

संसदको शीतकालीन अधिवेशन २५ नोभेम्बर देखि २० दिसम्बर सम्म चल्नेछ। संसदीय कार्य मन्त्री किरेन रिजिजुले, 'संविधान जारी भएको ७५ औं वर्षगाँठ २६ नोभेम्बरमा संविधान सभाको सेन्ट्रल हलमा मनाइने बताउनु भएको छ।

****** ० ******

**टीबी. उन्मूलन- भारत**

क्षयरोग अर्थात् टीबी उन्मूलनका लागि भारतको प्रयासलाई वैश्विक रूपमा मान्यता दिइएको छ। सन् २०१५ देखि २०२३ सम्म क्षयरोग मामिलामा १७ प्रतिशतभन्दा अधिकको कमी आएको छ। विश्व स्वास्थ्य संगठनको वैश्विक क्षयरोग प्रतिवेदन २०२४ अनुसार यो दर वैश्विक औसत ८.३ प्रतिशतको तुलनामा दोब्बर हो। संयुक्त राष्ट्रसङ्घको सतत विकास लक्ष्यमा हस्ताक्षरकर्ताको रूपमा भारतले बर्ष २०३० को समयसीमाभन्दा पाँच वर्ष अगाडि सन् २०२५ सम्ममा क्षयरोग उन्मूलन गर्ने प्रतिबद्धता जनाएको छ। यो उपलब्धिले भारतको राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रमको प्रभावलाई उजागर गरेको छ। सन् २०१५ को तुलनामा क्षयरोगको मामिलामा ८० प्रतिशत र क्षयरोगको मृत्युदरमा ९० प्रतिशतले कमी आएको छ।

****** ० ******

**बिहार- कोकिला लोक गायिका निधन**

बिहार कोकिलाको नामले चर्चित लोक गायिका शारदा सिन्हाको निधन भएको छ। उहाँ ७२ बर्षको हुनुहुन्थ्यो । उनलाई गत अक्टोबर २६ देखि नयाँ दिल्लीस्थित एम्सको सघन उपचार कक्षमा भर्ना गरिएको थियो। उनले विभिन्न क्षेत्रीय भाषामा छठ पर्व र विवाहका गीतहरू गाए जसका कारण उनी जनमानसमा लोकप्रिय भए। उनले फिल्मका लागि धेरै गीत पनि गाएका थिए। उनलाई सन् १९९१ मा पद्मश्री र सन् २०१८ मा पद्मभूषणबाट सम्मानित गरिएको थियो।

****** ० ******

## गायिका निधन - प्रधानमंत्री नरेंद्र मोदी , अमित शाह -शोक

प्रधानमन्त्री नरेन्द्र मोदीले चर्चित लोक गायिका शारदा सिन्हाको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले मैथिली र भोजपुरी लोकगीतको प्रस्तुति विगत केही दशकदेखि निकै लोकप्रिय रहेको बताउनु भएको छ। छठ पर्वमा आफ्ना सुमधुर गीतको प्रतिध्वनि सधैं स्मरणीय रहने उहाँले बताउनुभएको छ । प्रधानमन्त्री श्री मोदीले गायिका शारदा सिन्हाको निधनले संगीत जगतलाई अपूरणीय क्षति पुगेको बताउनुहुदै । शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ । केंद्रीय गृहमंत्री अमित शाहले पनि प्रसिद्ध लोक गायिका शारदा सिन्हाको निधनमा दुख व्यक्त गर्नु भएको छ।

****** ० ******

## ५५ औं भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव -संजय जाजु

५५ औं भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव (आई.एफ..एफ.आई) ले चार जना सिनेकर्मीको कामलाई सम्मानित गर्ने भएको छ। यो सूचीमा राज कपुर, तपन सिन्हा, अक्किनेनी नागेश्वर राव र मोहम्मद रफी जस्ता व्यक्तित्वहरू सामेल छन् जसले भारतीय सिनेमामा स्थायी प्रभाव छोडेका छन्। आगामी २० नोभेम्बर देखि २८ नोभेम्बर सम्म गोवामा आयोजना हुने आई.एफ.एफ.आई २०२४ मा श्रद्धाञ्जली, प्रदर्शन र अन्तरक्रियात्मक कार्यक्रमहरू हुनेछन् जसले प्रतिनिधिहरूलाई यी प्रतिष्ठित फिल्मी व्यक्तित्वहरूको योगदानलाई व्यापक रूपमा प्रस्तुत गर्नेछ।

****** ० ******

## महाराष्ट्र विधानसभा चुनाव आदर्श आचार संहिता

महाराष्ट्रका मुख्य निर्वाचन अधिकारी एस चोक्कालिंगमले राज्यमा विधानसभा चुनाव पुर्वनै आदर्श आचार संहिता लागू भएपछि ४६ हजार ६सय ३० जनाविरुद्ध सावधानी अपनाइएको बताउनु भएको छ । यस अवधि २५२ करोड रुपियाँ भन्दा अधिकको सामान जफत गरिएको उहाँले जानकारी दिनुभएको छ । श्री चोगलिङ्गमले सी-भिजिल एपमा ४ नोभेम्बर सम्म दर्ता भएका ९९ प्रतिशत उजुरीहरूको समाधान भएको पनि जानकारी दिनुभएको छ। उहाँ अनुसार उम्मेदवारको सङ्ख्याको आधारमा १८५ निर्वाचन क्षेत्रका लागि एक मतपत्र एकाइ, एक सय निर्वाचन क्षेत्रका लागि दुई मतपत्र एकाइ र तीन निर्वाचन क्षेत्रका लागि तीन मतपत्र एकाइ रहनेछन्। श्री चोगलिङ्गमले मुख्य निर्वाचन आयुक्तबाट प्राप्त निर्देशन अनुसार राज्य निर्वाचन आयोगले मतदान प्रक्रियामा कारबाही गर्ने बताउनु भएको छ।

****** ० ******